श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

राजस्व न्यायाधिकरण ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: राजस्व न्यायाधिकरण ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "राजस्व न्यायाधिकरण (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ मा संशोधन: राजस्व न्यायाधिकरण ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,–

(१) उप–दफा (३) को सट्टा देहायको उप–दफा (३) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

"(३) प्रत्येक न्यायाधिकरणमा श्री ५ को सरकारले नियुक्त गरेका देहायका सदस्यहरू रहनेछन्:–

(क) कानून सदस्य,

(ख) राजस्व सदस्य, र

(ग) लेखा सदस्य।"

(२) उप–दफा (३) पछि देहायका उप–दफा (४) र (५) थपिएका छन्:–

"(४) उप–दफा (३) बमोजिम नियुक्ति गर्दा दफा ४ बमोजिम योग्यता पुगेका कुनै पदाधिकारीलाई कुनै न्यायाधिकरणको वा एकै समयमा एकभन्दा बढी न्यायाधिकरणको सदस्य तोक्न सकिनेछ।

(५) कानून सदस्य न्यायाधिकरणको अध्यक्ष हुनेछ र निजको अनुपस्थितिमा राजस्व सदस्यले अध्यक्षता गर्नेछ।"

३. <u>मूल ऐनको दफा ४ मा संशोधन</u>: मूल ऐनको दफा ४ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:–

"(क) कानून सदस्यको लागि अञ्चल न्यायाधीश भैरहेको वा कानून स्नातक भएको र कानूनको क्षेत्रमा पाँच वर्ष अनुभव प्राप्त गरेको।"

४. <u>मूल ऐनको दफा ५ मा संशोधन</u>: मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ:–

"५. <u>न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग</u>: (१) न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग तीनै सदस्यले सामूहिक रूपले गर्नेछन् र बहुमतको राय न्यायाधिकरणको निर्णय मानिनेछ।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून सदस्य र अर्को एकजना सदस्यको उपस्थिति भएमा मुद्दाको कारवाई र किनारा गर्न सकिनेछ। कानून सदस्य बाहेक अरू दुईजना सदस्यको उपस्थितिमा मुद्दाको फैसला गर्न वा अन्तिम आदेश दिन बाहेक अरू कारवाई गर्न सकिनेछ। अरू सदस्यहरूको अनुपस्थितिमा कानून सदस्यले मुद्दाको फैसला गर्न वा अन्तिम आदेश दिन बाहेक अरू कारवाई गर्न बाधा पर्ने छैन।

(३) उप–दफा (२) बमोजिम दुईजना सदस्यको उपस्थितिमा मुद्दाको कारवाई वा किनारा गर्दा दुईजनाको मतैक्य हुन नसकेमा कारवाईको हकमा अध्यक्षता गर्ने सदस्यको रायबमोजिम गर्नुपर्छ र फैसला वा अन्तिम आदेशको हकमा पहिले अनुपस्थित रहेको सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय न्यायाधिकरणको राय मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) तीनजना सदस्यको उपस्थितिमा मुद्दाको कारवाई गर्दा तीनजनाको भिन्दाभिन्दै राय भएमा अध्यक्षको रायबमोजिम गर्नुपर्छ र मुद्दाको किनारा गर्दा तीनै जनाको भिन्दाभिन्दै राय भएमा वा उप–दफा (३) बमोजिम दुई जना सदस्यको उपस्थितिमा मुद्दाको किनारा गर्दा मतैक्य हुन नसकी पहिले अनुपस्थिति रहेको सदस्य समक्ष पेश हुंदा तीन राय भएमा क्षेत्रीय अदालतमा साधक जाहेर गर्नु पर्नेछ र सो अदालतको डिभिजन बेञ्चबाट भएको निर्णय अन्तिम हुनेछ ।

५. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ मा रहेको "क्षेत्रीय अदालतमा पुनरावेदन लाग्ने" भन्ने वाक्यांशपछि "र त्यस्तो पुनरावेदन क्षेत्रीय अदालतको डिभिजन बेञ्चबाट हेरिनेछ" भन्ने वाक्याँश थपिएको छ ।

६. मूल ऐनको अनुसूची १ मा संशोधनः– मूल ऐनको अनुसूची १ को क्रमसंख्या २ झिकिएको छ ।

७. राजस्व न्यायाधिकरण (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणामः– राजस्व न्यायाधिकरण (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएसम्म सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुंदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड, सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०३३।४।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।